# INDEX-BASED FLOOD INSURANCE

## What is Index-Based Flood Insurance?

Index-Based Flood Insurance (IBFI) covers possible damage caused by flood hazard based on an objectively measured parameter. If a certain rainfall amount or water level at a defined weather or gauging station is exceeded, the insurance pays out. The critical threshold or the index level is determined using historical data and agreed with insurance company, cooperatives and farmers. Unlike traditional insurance products, no time-consuming and costly inspections are required to determine an insurance event, Therefore, IBFI is more trustworthy, efficient and accessible.

## What are we aiming for?

The overall objective of the project is to develop index-based flood insurance product as a risk transfer mechanism targeting to climate vulnerable smallholder farmers and marginalised people in Western Nepal.

The specific objective of the project is to increase resilience of climate vulnerable smallholder farmers and marginalised people by enabling access to index-based insurance product and services to the farmers exposed to flood risk in selected 5 local governments of Sudurpaschim and Karnali Provinces.

## The outcomes of the project are:

i. Enabling environment and knowledge is created for piloting and scaling up of an index-based flood insurance product that caters to the needs of climate vulnerable farmers.

ii. Vulnerable households have access to index-based flood insurance as an innovative risk transfer mechanism to secure their assets and build resilience to climate shocks and stresses to which they are exposed.

## Who we are?

The Index-Based Flood Insurance (IBFI) project is co-funded by InsuResilience Solutions Fund (ISF) and Zurich Flood Resilience Alliance (ZFRA) through Z Zurich Foundation. Implementation of the IBFI project is led by Practical Action together with its partner Global Parametrics, Sikhar Insurance and Stonestep.

On the ground, our local partner Ujyalo Multipurpose cooperatives works as a lead partner cooperative and works with 10 other cooperatives which are: Bij Briddhi Farmers' Cooperative, Dhansinghpur Ekata Samaj Savings and Credit Cooperative, Melmilap Savings and Credit Cooperative, Pathraiya Women Smallholder Farmers' Cooperative, Didi Bahini Smallholder Farmers Cooperatives, Sarad Smallholder Farmers Cooperatives, Sewa Madhyawarti Savings and Credit Cooperative, Sisir Smallholder Farmers Cooperatives, Shiva Multipurpose Cooperatives and Sowrojgar Smallholder Farmers Cooperatives. These cooperatives will be the group policy holders and responsible to flood resilience to smallholder farmers. Similarly, Centre for Social Development and Research (CSDR) Banke is another implementing partner of Zurich Flood Resilience Project (ZFRP), which is providing co-funding support to the IBFI project.

Practical ACTION

GLOBAL PARAMETRICS

Shikhar Insurance

Stonestep
Microinsurance as a Service

## Where do we work?

We work with communities in flood prone areas of Tikapur, Rajapur and Madhuban Municipalities and Janaki and Geruwa Rural Municipalities in Sudurpaschim and Lumbini Provinces. The IBFI project aims to reach 5,550 households in the first year and a total of 13,875 households by the end of the project i.e., March 2023.







For more details:
Mr. Bikram Rana
Project Manager- Introducing Index-Based Flood Insurance (IBFI) in Nepal and Zurich Flood Resilience Project (ZFRP)
Bikram.Rana@practicalaction.org.np

Supported by:
ZURICH FOUNDATION
InsuResilience Solutions Fund

# सूचकांकमा आधारित वाढी बीमा

## सूचकांकमा आधारित वाढी बीमा भनेको के हो ?

सूचकांकमा आधारित वाढी बीमाले, वस्तुगत रूपमा मापन गरिएका मापदण्डहरुको आधारमा, वाढीको जोखिमबाट हुनसक्ने सम्भावित क्षतिलाई समेट्दछ । उदाहरणको लागि - यदि वर्षा तथा वाढी मापन केन्द्र वर्षाको मात्रा वा पानीको स्तर निश्चित तहभन्दा माथि नाघेको छ भने, बीमा भुक्तानी गरिनेछ । यी वाढीका सूचकांकहरू विगतका (ऐतिहासिक) तथ्याङ्कहरू हेरि निर्धारण गरिनेछ र बीमा कम्पनी, सहकारी र किसानहरूसँग सहमतिमा तय गरिनेछ । परम्परागत बीमा उत्पादनहरू भन्दा, सूचकांकमा आधारित वाढी बीमामा भुक्तानीको निम्ति घटना निर्धारण गर्न कुनै थप समय, प्रक्रियागत तथा महँगो निरीक्षण आवश्यक पर्दैन । तसर्थ, सूचकांकमा आधारित वाढी बीमा अरु बीमा भन्दा अधिक विश्वसनीय, कुशल र समुदायका सबै वर्गका निम्ति पहुँचयोग्य हुन्छ ।

## हाम्रा लक्ष्यहरू के हुन् ?

परियोजनाको समग्र उद्देश्य, पश्चिम नेपालमा सूचकांकमा आधारित वाढी बीमाको अन्वेषण मार्फत जलवायुजन्य जोखिममा रहेका साना किसान तथा सीमान्तकृत वर्गहरूका लागि जोखिम हस्तान्तरण (risk transfer) संयन्त्रको विकास गर्नु हो ।

परियोजनाको विशेष उद्देश्य पश्चिम नेपालमा नदीको वाढीबाट हुने जोखिम हस्तान्तरण (risk transfer) संयन्त्रमा पहुँच विस्तार गर्दै जलवायु परिवर्तनबाट जोखिममा रहेका साना किसान र सीमान्तकृत व्यक्तिहरूको उत्थानशिलतामा वृद्धि गर्नु हो ।

## परियोजनाका विशिष्ट परिणामहरू

१. जलवायुजन्य जोखिममा परेका कृषकहरूको; जोखिम कम हुने गरी सूचकांकमा आधारित वाढी बीमा लागु भएको हुनेछ ।

२. जोखिममा परेका घरपरिवारहरूको आफ्नो सम्पत्ति सुरक्षित गर्न र वाढी विपद उत्थानशिलताका लागि जोखिम स्थानान्तरण संयन्त्रहरूमा पहुँच हुनेछ ।

## हामी को को छौं ?

यस सूचकांकमा आधारित वाढी बीमा परियोजनालाई, ईन्सुरिजिलियन्स सलुसन्स फण्ड (Insu resilience Solutions Fund- ISF) तथा जुरीच बाढी उत्थानशील गठबन्धन (ZFRA) को लागि जेड जुरिच फाउण्डेशन (ZZF) ले सहलगानी गरेको छ । यस परियोजना अर्न्तगत, कन्सोर्टियम पार्टनरहरूमा प्राक्टिकल एक्शनको साथमा ग्लोबल पारामेट्रिक्स, शिखर ईन्स्योरेन्स र स्टोनस्टेप रहेका छन् ।

स्थानीय स्तरमा उज्यालो बहुउद्देश्यीय सहकारी संस्थाको नेतृत्वमा बाँकी १० वटा सहकारीहरू – बीज वृद्धि कृषक सहकारी, धनसिंहपुर एकता समाज बचत तथा ऋण सहकारी, मेलमिलाप बचत तथा ऋण सहकारी, पथरैया महिला सानाकिसान सहकारी, दिदि बहिनी सानाकिसान सहकारी, शरद सानाकिसान सहकारी, सेवा मध्यवर्ती बचत तथा ऋण सहकारी, शिशिर सानाकिसान सहकारी, शिव बहुउद्देश्यीय सहकारी तथा स्वरोजगार सानाकिसान सहकारीले यो परियोजना कार्यान्वयन गर्नेछन् । त्यस्तै, सामाजिक विकास तथा अनुसन्धान केन्द्र, बाँकेले जुरिच वाढी उत्थानशील परियोजनाको साझेदारका रुपमा परियोजना कार्यान्वयन गर्नेछ ।

Practical ACTION | GLOBAL PARAMETRICS | Shikhar Insurance | Stonestep Microinsurance as a Service

## हामी कुन कुन समुदायमा काम गर्छौं ?

हामी टिकापूर, राजापूर र मधूवन नगरपालिका तथा गेरुवा र जानकी गाउँपालिका अर्न्तगतका २५ वटा वाढी सम्मुख समुदायहरूसँग काम गर्दछौं, जुन सुदूरपश्चिम र लुम्बिनी प्रदेशमा पर्दछन् । यस सूचकांकमा आधारित वाढी बीमा परियोजनाले प्रथम वर्षमा ५,५५० घरधूरीलाई समेट्ने लक्ष्य राखेको छ भने परियोजनाको अन्त्यसम्ममा (मार्च २०२३) १३,८७५ घरधूरीलाई समेट्ने लक्ष्य राखेको छ ।







**थप जानकारीको लागि**
विक्रम राना
परियोजना व्यवस्थापक - सूचकांकमा आधारित वाढी बीमा परियोजना र जुरिच वाढी उत्थानशील परियोजना
Bikram.Rana@practicalaction.org.np

आर्थिक सहायता
ZURICH FOUNDATION | InsuResilience Solutions Fund